# तृतीय भाग खण्ड ४

## साक्षरता

साधरण लेखपढ गर्न सक्ने अवस्थालाई साक्षरता भन्दछन् । अहिलेको पटकको जनगणना (२०१८) मा पनि साक्षरताको परिभाषा २००९।११ को गणना अनुरुप नै गरिएको थियो, जस अनुसार जुन कुनै एक भाषाको लिपिमा लेखेको पढ्न सक्ने र परिआएका चिट्ठीपत्र लेख्न सक्नेलाई लेखपढ जान्ने मानिन्छ । खालि अक्षरसम्म चिन्हेको बाचक नचलेको र सार्न मात्र सक्ने चाहीं लेखपढ जान्ने मानिदैन । अर्थात पढ्न लेख्न दुवै जानेको हुनु पर्दछ । यस प्रकारको परिभाषले स्पष्ट तरीका संग लेखपढ गर्न अभ्यास पुगेकाहरुलाई मात्र अंगालेको छ ।

माथि उल्लिखित परिभाषा अनुसार जनिइन (लेखिन) आएका,१० वर्ष माथिका, सम्पूर्ण नेपाल अधिराज्य भरिका, जम्मा ६७,२०,०५७ व्यक्तिहरुमध्ये ५९७४७१ व्यक्ति साक्षर र ६१२२,व्यक्ति निरक्षर छन् । अर्थात १० वर्ष माथिको जम्मा जनसंख्यामा .९% प्रतिशत साक्षार र ९१.१ प्रतिशत निरक्षर छन् । नरहरुमा मात्र भने १० वर्ष माथिमा जम्मा ३२८८३६२ मध्ये ५३७११७ (१६.३% प्रतिशत ) साक्षार र २७५१२४५ ( ८ ३.७ %प्रतिशत) निरक्षर छन् । त्यस्तै नारीहरुमा मात्र भने १० माथिमा जम्मा ३४३१६९५ व्यक्तिहरु मध्ये ६०३५४ (१.८% प्रतिशत) साक्षार र ३३७१३४ (९८.२%प्रतिशत) निरक्षर छन् ।

२००९।०११ र २०१८ को दुई गणनामा विभिन्न प्रदेशहरुको साक्षारता सम्बन्धी स्थिति के कस्तो थियो भन्ने कुरा तलको तालिकाबाट स्पष्ट हुन आउँदछ ।

तालिका सं. ४ साक्षरता प्रतिशतमा, लिङ्ग तथा प्रदेश अनुसार ।

२००९ । ११ र२०१८ नेपाल ।

| | २००९ । २०११ साल | | | | | | २०१८ साल | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | लेखपढ भएका | | | | | | लेखपढ भएका | | | | | |
| | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी |
| नेपाल | १००.० | १००.० | १००.० | १००.० | ९१.८ | ८.२ | १००.० | १००.० | १००.० | १००.० | ८९.९ | १०.१ |
| पूर्व पहाड | १७.२ | १८.१ | ७.१ | १००.० | ९६.६ | ३.४ | १७.९ | १८.६ | ११.३ | १००.० | ९३.६ | ६.४ |
| पूर्व भित्री मधेश | १.३ | १.४ | ०.३ | १००.० | ९८.३ | १.७ | १.१ | १.२ | ०.५ | १००.० | ९५.३ | ४.७ |
| पूर्व तराई (महोत्तरी वाहेक) | १५.६ | १५.२ | २०.४ | १००.० | ९८.९ | १.१ | २१.२ | २०.५ | २७.२ | १००.० | ८७ | १३ |
| महोत्तरी | ४.७ | ४.७ | ५.१ | १००.० | ९१.२ | ८.८ | ५.२ | ५.२ | ५.६ | १००.० | ८९.३ | १०.७ |
| का. उपत्यका | १९.२ | १७.१ | ४२.२ | १००.० | ९८.२ | १.८ | १६.३ | १४.८ | २९.७ | १००.० | ८१.६ | १८.४ |
| पश्चिम पहाड | २२.६ | २३.८ | ९.६ | १००.० | ९६.४ | ३.६ | १९.८ | २०.८ | १०.८ | १००.० | ९४.४ | ५.६ |
| सुदूर पश्चिम पहाड | ११.३ | ११.८ | ६.३ | १००.० | ९५.२ | ४.८ | ९.७ | १०.२ | ४.९ | १००.० | ९४.९ | ५.१ |
| मध्ये भित्री मधेश | १.६ | १.७ | १.२ | १००.० | ९४.१ | ५.९ | १.९ | १.९ | १.४ | १००.० | ९२.५ | ७.५ |
| प. भित्री मधेश | १.० | १.० | ०.७ | १००.० | ९३.७ | ६.३ | ०.९ | ०.९ | १.२ | १००.० | ८६.५ | १३.५ |
| प. तराई | ३.८ | ३.७ | ४.२ | १००.० | ९०.८ | ९.२ | ४.० | ४.० | ४.३ | १००.० | ८९ | ११ |
| सु.प. तराई | १.७ | १.५ | २.९ | १००.० | ८५.७ | १४.३ | २.० | १.९ | ३ | १००.० | ८५.४ | १४.६ |

माथिको तालिका अनुसार भर नेपालको जम्मा साक्षरहरुलाई १००% प्रतिशत मानी विभिन्न प्रदेशहरुमा के कति प्रतिशत साक्षरहरु रहेछन भनि हेर्दा हामी पाउँछौ कि २००९।११ मा साक्षरहरु (नर नारी दुवै ) को सवभन्दा बढी प्रतिशत पश्चिम पहाडमा (२२.६% प्रतिशत), त्यसपछि काठमाडौ उपत्यकामा ( १९.२% प्रतिशत) र तेस्रो स्थानमा पूर्व पहाड (१७.२ प्रतिशत) मापरेका रहेछन् । यस्तै पश्चिम भित्री मदेशमा साक्षरहरुको सवभन्दा कम प्रतिशत (१.०% प्रतिशत) र दोश्रो कम प्रतिशत (१.३% प्रतिशत) पूर्व भित्री मदेशमा परेको रहेछ । तर २०१८ सालमा २००९।११ भन्दा वेग्लै स्थिती भएको पाइन्छ । २००९।११ मा जम्मा साक्षरहरु मध्ये सवै भन्दा धेरै प्रतिशत साक्षर भएको प्रदेश पश्चिम पहाड २०१८ सालमा साक्षारहरुको दोस्रो धेरै प्रतिशत भएको प्रदेश हुन पुगेको छ । पहिलो स्थान चाही जम्मा साक्षारहरु मध्ये २१.२ % प्रतिशत साक्षरहरु भएको पूर्व तराई महोत्तरी वाहेक ले प्राप्त गरेको  छ । यस्तै गरी २००९।११ सालमा द्धितीय स्थान प्राप्त गर्ने काठमाडौ उपत्यका २०१८ सालमा १६.३% प्रतिशत साक्षरहरुमात्र भएको प्रदेश हुन गई चौथो स्थानमा पुगेको छ । अति २००९।११ सालमा साक्षरहरुको ज्यादै कम प्रतिशत (पश्चिम भित्री मधेश १.० % र पू.भि. मदेश १३ % **)** भएका पश्चिम भित्री मदेश र पूर्व भित्री मदेश फेरी २०१८ सालमा पनि साक्षरहरुको सव भन्दा कम प्रतिशत भएको प्रदेशहरु हुन आएका छन् ।

त्यस्तै भर मुलुकको साक्षर नरहरुलाई १०० % प्रतिशत मानि कुन कुन प्रदेशहरुमा साक्षरहरुको के कस्तो प्रतिशत रहे भनी हेर्दा २००९।११ मा २३.८% प्रतिशत साक्षारहरु भएको पश्चिम पहाड २०१८ सालमा पनि २०.८% प्रतिशत साक्षारहरु भएको साक्षरहरुको धेरै प्रतिशत हुने पहिलो प्रदेश हुन आएको छ । २००९।११ मा १५.२%प्रतिशत साक्षरहरु मात्र भई चौथो स्थानमा रहेको पूर्व तराई महोत्तरी वाहेक ले प्राप्त गरेको छ नर साक्षारहरुको सव भन्दा कम प्रतिशत भने पश्चिम भित्री मदेश( १.०% प्रतिशत) र पूर्व भित्री मदेश (१.४ % प्रतिशत) भै भउको पाइन्छ ।

नारी साक्षारहरुमा भने २००९।११ र २०१८ को दुवै गणनामा काठमाडौ उपत्यकामा साक्षरहरुको सवै भन्दा वढी प्रतिशत भएको देख्दछौ । त्यसपछिको दोस्रो सवभन्दा वढी प्रतिशत २००९।११ र २०१८ को दुवै गणनामा पूर्व तराई (महोत्तरी वाहेक) कै भएको पाइन्छ । त्यस्तै गरि सवै भन्दा कम प्रतिशत हुनेमा पूर्व भित्री मदेश ०.३ %प्रतिशत र पश्चिम भित्री मदेश ०.७ % प्रतिशत पर्न आएका छन् । देश भरिका जम्मा साक्षरहरुमध्ये कति प्रतिशत नरहरु र कति प्रतिशत नारीहरु रहेछन भनि हेर्दा हामी पाउछौ कि २००९।११ मा ९१.८ प्रतिशत नर ८ .२% प्रतिशत नारहिरु भएकोमा २०१८ सालमा ८९.९% प्रतिशत नर १०.१ % प्रतिशत नारीहरु रहेछन् । अर्थात २००९।११ र २०१८ सालको विचका वर्षहरमा नारीहरुको साक्षरतामा २३.१ प्रतिशत वृद्धि सवै प्रदेशहरुमा भएको पाइन्छन् त्यसमा परि खास गरि का . उपत्यकामा (०९।११ मा १.८ % प्रतिशतवाट २०१८  १८.४ % प्रतिशत) र पूर्व तराई (महोत्तरी वाहेक) मा (२००९।११ मा १.१ प्रतिशत )२०१८ मा १३.०%प्रतिशत भएको वृद्धि बडो प्रभावकारी देखिन्छ ।